<u>नेपाल दूरसञ्चार प्राधिकरणबाट सम्बत् २०८३ भदौ महिनामा भएका महत्वपूर्ण निर्णयहरूः</u>

| क्रसं. | विषय | निर्णयको संक्षिप्त व्यहोरा |
|---|---|---|
| १. | इन्टरनेट (इ-मेल सहितको) सेवाको अनुमतिपत्र नवीकरण सम्बन्धमा। | दूरसञ्चार ऐन, २०५३ को दफा २५ तथा दूरसञ्चार नियमावली, २०५४ को नियम १२ बमोजिम ५ (पाँच) बर्षको लागि देहायका इन्टर्नेट (इ-मेल सहित) सेवा प्रदायकहरूको अनुमतिपत्र नवीकरण गर्ने।<br>१. स्विफ्ट नेटवर्क एण्ड कम्युनिकेशन प्रा.लि. वीरेन्द्रनगर-५, सुर्खेतको इन्टर्नेट (इ-मेल सहित) सेवाको अनुमतिपत्र (अनुमतिपत्र नं. फि.ज. १-१७५),<br>२. ओएसिस ब्रोडबेण्ड इन्टरनेट प्रा.लि., पुतलीसडक- २८, काठमाडौंको (इ-मेल सहित) सेवाको अनुमतिपत्र (अनुमतिपत्र नं. फि.ज. १-९२),<br>३. एभरेष्ट लिंक प्रा.लि., नाम्चे-१, सोलुखुम्बुको ग्रामीण इन्टर्नेट (इ-मेल सहित) सेवाको अनुमतिपत्र (ग्रामीण इन्टर्नेट-०९),<br>४. वेब नेटवर्क्स प्रा.लि., तिलोत्तमा-४, रुपन्देहीको इन्टर्नेट (इ-मेल सहित) सेवाको अनुमतिपत्र (अनुमतिपत्र नं. फि.ज. १-९३)। |
| २. | टेलिपोर्ट सेवाको निर्देशिका तथा अनुमतिपत्रको ढाँचा तयार गर्ने सम्बन्धमा। | टेलिपोर्ट सेवा सञ्चालन तथा नियमन सम्बन्धमा निर्देशिका र अनुमतिपत्रको ढाँचा तयार गर्न प्राधिकरणका सदस्य श्री अनन्त प्रकाश मल्लिकको संयोजकत्वमा उप समिति गठन गर्ने। |
| ३. | Public Consultation को आधारमा Mobile Broadband Enhancement Plan (Nepal's Road to 5G) लाई परिमार्जन सम्बन्धमा। | Mobile Broadband Enhancement Plan (Nepal's Road to 5G) को मस्यौदा उपर मिति २०८३/०४/२५ मा प्राधिकरणको वेवसाइटमा सार्वजनिक सूचना प्रकाशित गरी राय/सुझाव माग गरिएकोमा उक्त मस्यौदा उपर प्राप्त भएका राय/ सुझाव प्रतिक्रियाहरु अध्ययन गरी मस्यौदालाई अन्तिम रुप दिन नेपाल दूरसञ्चार प्राधिकरणका सदस्य श्री अनन्त प्रकाश मल्लिकको संयोजकत्वमा उप समिति गठन गर्ने। |
| ४. | 800 MHz Band को Bidding Document सम्बन्धमा। | रेडियो फ्रिक्वेन्सी वितरणको लागि बढाबढ गर्ने सन्दर्भमा दूरसञ्चार सेवाको रेडियो फ्रिक्वेन्सी (बाँडफाँट तथा मूल्य सम्बन्धी) नीति, २०८० को दफा १० को उपदफा १०.२ अनुसारको प्रक्रिया अगाडि बढाउन Request for Application (RFA) for Spectrum Bidding in 800 MHz Band स्वीकृत गरी सोहि RFA अनुसार ८०० मेगाहर्ज ब्याण्डको २x५ मेगाहर्ज फ्रिक्वेन्सीको बढाबढ प्रक्रिया तत्काल अगाडी बढाउने। |
| ५. | प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोष र प्रधानमंत्री राहत कोषमा | मिति २०८३ साल भदौ १० गते, रसुवा जिल्लाको सिमा क्षेत्र रसुवागढी, भोटेकोशी नदी र तल्लो तटीय क्षेत्रमा आएको विनाशकारी बाढीबाट भएको |

| | | |
|---|---|---|
| | आर्थिक सहयोग गर्ने सम्बन्धमा । | जनधनको क्षतिका कारण भएको विपद व्यवस्थापनको सहयोगको स्वरूप प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा देहाय बमोजिम जम्मा गर्ने:-<br>• प्राधिकरणको तर्फबाट रु. १५,००,००,०००।-(अक्षरेपी पन्ध्र करोड रुपैयाँ मात्र),<br>• अध्यक्षको दश दिनको तलब र अध्यक्ष तथा सदस्यहरुको दुई (२) वटा प्राधिकरण बैठकको भत्ता,<br>• प्राधिकरणका कर्मचारीहरुको तर्फबाट श्रेणीविहीन (करार सेवामा कार्यरत कर्मचारीहरु समेत) कर्मचारीहरुको मासिक सुरू तलव स्केलको १ दिन, सहायक कर्मचारीहरुको २ दिन, सहायक निर्देशक कर्मचारीहरुको ४ दिन, उपनिर्देशक कर्मचारीहरुको ६ दिन र निर्देशक कर्मचारीहरुको ८ दिन बरावरको तलव/पारिश्रमिक बराबर हुन आउने रकम रू ५,६२,९३४/<br>सबै दूरसञ्चार सेवा प्रदायकहरुलाई प्रधानमंत्री दैवी प्रकोप उद्धार कोषमा यथाशक्य सहयोग गर्न प्राधिकरणको तर्फबाट अनुरोध गर्ने । |
| ६. | महशुलदर स्वीकृत सम्वन्धमा । | देहाय बमोजिम १० सेवा प्रदायकहरुले पेश गरेको महशुलदर स्वीकृति प्रदान गरिएको । साथै उल्लिखित सेवाहरूको महशुलदर स्वीकृत भएको मिति उल्लेख गरी सर्वसाधरणहरूको जानकारीको लागि सूचना प्रकाशन गर्न सेवा प्रदायकहरूलाई निर्देशन दिने ।<br>१. एनसेल आजीयटा लिमिटेडले पेश गरेको Pre-Call Alert Notification (PCA)(Jingle) सेवा, Voice Pack सेवा, Tourist Starter Plan र Tourist Packs सेवाको महशुलदर दूरसञ्चार ऐन, २०५३ को दफा ४२ अनुसार स्वीकृत गर्ने ।<br>२. NNet Pvt.Ltd. ले पेश गरेको इन्टरनेट सेवाको महशुलदर दूरसञ्चार ऐन, २०५३ को दफा ४२ बमोजिम स्वीकृत गर्ने ।<br>३. Innovative Communication System Pvt. Ltd ले पेश गरेको इन्टरनेट सेवाको महशुलदर दूरसञ्चार ऐन, २०५३ को दफा ४२ बमोजिम स्वीकृत गर्ने ।<br>४. Nimble Network Pvt. Ltd. ले पेश गरेको इन्टरनेट सेवाको महशुलदर दूरसञ्चार ऐन, २०५३ को दफा ४२ बमोजिम स्वीकृत गर्ने ।<br>५. Firstlink communication Pvt. ltd. पेश गरेको इन्टरनेट सेवाको महशुलदर दूरसञ्चार ऐन, २०५३ को दफा ४२ बमोजिम स्वीकृत गर्ने ।<br>५. Nepal Airlink Pvt.Ltd ले पेश गरेको इन्टरनेट सेवाको महशुलदर (कर बाहेक) स्वीकृत गर्ने । |

| | | |
|---|---|---|
| | | ६. सुबिसु लिमिटेडले पेश गरेको इन्टरनेट सेवाको महशुलदर दूरसञ्चार ऐन, २०५३ को दफा ४२ बमोजिम स्वीकृत गर्ने।<br><br>७. एभरेष्ट वायरलेस नेटवर्क प्रा.लि. ले पेश गरेको इन्टरनेट सेवाको महशुलदर दूरसञ्चार ऐन, २०५३ को दफा ४२ बमोजिम स्वीकृत गर्ने।<br><br>८. Swift Net Pvt. Ltd. ले पेश गरेको इन्टरनेट सेवाको महशुलदर दूरसञ्चार ऐन, २०५३ को दफा ४२ बमोजिम स्वीकृत गर्ने।<br><br>९. CG communications लिमिटेडले पेश गरेको इन्टरनेट सेवाको महशुलदर (कर बाहेक) दूरसञ्चार ऐन, २०५३ को दफा ४२ बमोजिम स्वीकृत गर्ने।<br><br>१०. नेपाल दूरसञ्चार कम्पनी लिमिटेडको अन्तराष्ट्रिय Outgoing Call को Pulse Duration लाई ६० सेकेण्डमा परिवर्तन दूरसंचार ऐन, २०५३ को दफा ४२ बमोजिम परिवर्तन गर्न स्वीकृत दिने। |
| ७. | दूरसञ्चार ऐन, २०५३ को दफा ३३ र अनुमतिपत्र बहाल नरहेका दूरसञ्चार सेवा प्रदायकको सम्पत्ति व्यवस्थापन नियमावली, २०७९ को पालना सम्बन्धमा। | एनसेल आजियाटा लिमिटेडको मोबाइल सेवाको अनुमतिपत्रको २५ वर्षे अवधि समेत मिति २०८६/०५/१६ मा समाप्त हुने हुँदा अनुमतिपत्र बहाल नरहेका दूरसञ्चार सेवा प्रदायकको सम्पत्ति व्यवस्थापन नियमावली, २०७९ को नियम ६ (२) को पूर्ण पालना गर्न एनसेल आजियाटा लिमिटेडलाई निर्देशन दिने साथै उक्त व्यवस्थाको पालना नभएमा ऐ. नियमावलीको नियम ६ (३) आकर्षित हुने समेत जानकारी गराउने र ऐ. नियमावलीको नियम ७ (१) को व्यवस्था बमोजिम समयमै हस्तान्तरणको कार्ययोजना प्राधिकरणमा पेश गर्न निर्देशन दिने। |
| ८. | युनाइटेड टेलिकम लिमिटेडको अनुमतिपत्र स्वतः रद्द तथा सम्पत्ति व्यवस्थापन सम्बन्धमा। | श्री युनाइटेड टेलिकम लिमिटेडको सन्दर्भमाः<br>• आधारभूत टेलिफोन सेवाको अनुमतिपत्र (अनुमतिपत्र नं. BTSL-02) दूरसञ्चार ऐन, २०५३ को दफा २५ को उपदफा (५) तथा दूरसञ्चार नियमावली, २०५४ को नियम १२ को उपनियम (४) बमोजिम मिति २०८३/०५/२० देखि स्वतः रद्द भएको व्यहोरा जानकारी गराउने,<br>• निज लिमिटेडले नेपाल सरकार तथा प्राधिकरणलाई फ्रिक्वेन्सी दस्तुर, रोयल्टी, ग्रामीण दूरसंचार विकास कोषको रकम र सोमा लाग्ने २०८३ भाद्र मसान्तसम्मको थप दस्तुर सहित विभिन्न शीर्षकमा गरी कुल रु. ८,०५,२२,५७,०१५/७६ (अक्षेरुपी आठ अर्ब पाँच करोड बाइस लाख सन्ताउन्न हजार पन्ध्र रुपैयाँ र पैसा छयहत्तर) बुझाउन बाँकी बक्यौता र अनुमतिपत्र बहाल नरहेका दूरसञ्चार सेवा प्रदायकको सम्पत्ति व्यवस्थापन नियमावली, २०७९ को नियम ५ अन्तर्गतको अन्य बुझाउन बाँकी दायित्वहरु समेत ऐ. नियमावलीको नियम १९ बमोजिम सरकारी बाँकी सरह असुल उपर गर्ने,<br>• निज सेवा प्रदायकको सम्पूर्ण सम्पत्ति र दूरसञ्चार पूर्वाधार, संरचना, दूरसञ्चार प्रणाली र दूरसञ्चार संजाल अनुमतिपत्र बहाल नरहेका दूरसञ्चार सेवा |

| | | |
|---|---|---|
| | | प्रदायकको सम्पत्ति व्यवस्थापन नियमावली, २०७९ को नियम १८ बमोजिम नियन्त्रणमा लिई सोहि नियमावलीको नियम १३ बमोजिम मूल्य निर्धारण समिति गठन प्रक्रिया अगाडि बढाउने,<br>• निजको नाममा रहेको चलअचल सम्पत्ति र बैंक खाता रोक्का राख्न सम्बन्धित निकायमा पत्राचार गर्ने। |
| ९. | आ.व. २०८३/८४ को वार्षिक बजेट तथा कार्यक्रम स्वीकृत गर्ने सम्वन्धमा । | सूचना तथा सञ्चार मन्त्रालयबाट आ.व. २०८३/८४ को वार्षिक कार्यक्रममा सहमति प्राप्त भएकोले प्राधिकरण कोष तर्फ रु ८१,३१,७९,०००/- (अक्षरेपी एकासी करोड एकतिस लाख उनासी हजार रूपैयाँ) र ग्रामीण दूरसञ्चार कोष तर्फ रू. ४,६९,१०,००,०००/- (चार अर्ब पचास उनान्सत्तरी करोड दश लाख रूपैया मात्र) गरी जम्मा रू ५,५०,४१,७९,०००/ (अक्षरेपी पाँच अर्ब पचास करोड एकचालीस लाख उनासी हजार रूपैयाँ मात्र) स्वीकृत गर्ने । |
| १०. | 865 - 868 MHz फ्रिक्वेन्सी सम्बन्धी व्यवस्थालाई थप स्पस्ट गर्ने एवं 76-81 GHz फ्रिक्वेन्सी सम्बन्धमा। | 865 - 868 MHz फ्रिक्वेन्सी सम्बन्धी व्यवस्थालाई थप स्पस्ट गर्ने एवं 76-81 GHz फ्रिक्वेन्सीलाई अनुसूची-४ मा थप गर्न रेडियो फ्रिक्वेन्सी नीति निर्धारण समितिमा सिफारिस गर्ने । |
| ११. | नयाँ प्रविधिको परीक्षण (Trial) को लागि दूरसञ्चार सेवाको रेडियो फ्रिक्वेन्सी (बाँडफाँट र मूल्य सम्वन्धी) नीतिमा गर्नुपर्ने व्यवस्था सम्बन्धमा। | नयाँ प्रविधिको परीक्षण (Trial) सम्बन्धि व्यवस्था नीतिमा समावेश गर्नको लागि रेडियो फ्रिक्वेन्सी नीति निर्धारण समितिमा सिफारिस गर्ने । |